पदपूर्ति समिति

# मध्यविन्दु नगरपालिका

नवलपरासी

## पदपूर्ति सम्बन्धी लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

यस नगरपालिकाको पदपूर्ति समितिको बैठकको निर्णय बमोजिम निम्न पदहरु (अप्राविधिक) मा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्धारा स्थायी पदपूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट समितिद्धारा स्वीकृत फाराम भरी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | पद संख्या | परीक्षा मिति |
|---|---|---|---|---|
| १ | २/०७३/७४ खुला | ना.सु. सहायक पाँचौ | खुला १ (एक) | पछि सूचना प्रकाशित गरिनेछ । |
| २ | ३/०७३/७४ खुला | खरिदार, सहायक चौथो | खुला २ (दुई)<br>महिला १ (एक)<br>जनजाती १(एक) | |

**द्रष्टव्य :**

परीक्षाको किसिम :- लिखित परीक्षा कम्प्युटर सीप परीक्षण र अर्न्तवार्ता ।

परीक्षा केन्द :- पछि सूचना प्रकाशन गरिनेछ ।

परीक्षा दस्तुर :- सहायकस्तर पाँचौ तहकोलागि रु.७००/-(सात सय) र सहायकस्तर चौथो तहको लागि रु. ५००/-

उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिला उम्मेद्वारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

दरखास्त दिने अन्तिम मिति :- २०७३/९/१५ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र ।

परीक्षा दस्तुर बुझाउने स्थान :- मध्यविन्दु नगरपालिका कार्यालय, चोरमारा, नवलपरासी

दरखास्त र कम्प्युटर सीप परीक्षा तथा अर्न्तवार्ता हुने मिति : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण:- सेवा, समूह सम्बन्धी

तलब :- प्रचलित स्केल बमोजिम ।

**आवश्यक न्युनतम योग्यता** :

१) प्रशासन सहयाक स्तर पाँचौ तहका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२) प्रशासन सहयाक स्तर चौथो तहका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी परीक्षा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**द्रष्टव्य :**

क) दरखास्त दिने अन्तिम मितिसम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ । मध्यविन्दु नगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

ख) स्थानीय स्वायत्तशासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

घ) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै मध्यविन्दु नगरपालिका कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति बाध्य हुनेछैन ।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारले अर्न्तवार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता तथा समावेशी दरखास्त दिने उम्मेद्वारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

छ) दरखास्त दिने मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा डकुमेन्ट विवरण ट्रान्सकृप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ । बैदेशिक संस्थामा अध्ययन गरेका उम्मेद्वारहरुले सम्बन्धीत निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

ज) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

झ) दरखास्त फारम र पाठ्यक्रम मध्यविन्दु नगरपालिकाको वेवसाईट www.madhyabindumun.gov.np बाट डाउनलोड गरी र नगरपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

**समावेशी समूह तर्फ दरखास्त दिदा उम्मेद्वारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :**

समावेशी समूह तर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेद्वारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अर्न्तवार्ताको लागि छनौट भएपछि अर्न्तवार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

**आदिवासी/जनजाती हकमा :**

नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातीको हकमा सोही सूचिको आधारमा तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र १ भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर पनि प्रमाणित गरेको कागजात ।

पदपूर्ति समिति
मध्यविन्दु नगरपालिका